**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २५ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

मुख्य समाचार

१. राष्ट्रपति द्रौपदी मुर्मूले देशका स्वास्थ्य संस्थाहरूमा उचित चिकित्सा सुविधाहरूको विकेन्द्रीकरण र थप अनुसन्धानमा जोड दिनुभएको छ।

२. प्रधानमन्त्री नरेन्द्र मोदीले गुवाहाटीमा एडवांटेज असमको दोस्रो संस्करणमा लगानी तथा पूर्वाधार शिखर सम्मेलनको उद्घाटन गर्नुभयो।

३. पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले २०२६ को विधानसभा चुनावबारे छलफल गर्न २७ फेब्रुअरीमा तृणमूल कङ्ग्रेसको महत्वपूर्ण बैठक बोलाउनु भएको छ।

४. ३०१ दिनको लामो असहयोग आन्दोलनपछि अन्तत निप्पोन हाइड्रो प्रोजेक्टका कर्मचारीहरूले न्याय पाउन सफल बनेका छन्।

र

५. भोली हुने **महाशिवरात्रि** लाई दिव्य र भव्य बनाउन दार्जिलिङ पहाडको बिभिन्न स्थानहरुमा व्यापक तयारी चलिरहेको छ

**राष्ट्रपति यात्रा**

राष्ट्रपति द्रौपदी मुर्मूले देशका स्वास्थ्य संस्थाहरूमा अझ राम्रो चिकित्सा सुविधाहरूको विकेन्द्रीकरण र थप अनुसन्धानमा जोड दिनुभएको छ। पटनाको बापु सभागारस्थित पटना मेडिकल कलेज एण्ड हस्पिटलको शताब्दी समारोहमा सम्बोधन गर्दै उहाँले यस्तो बताउनु भएको हो । राष्ट्रपतिले भन्नुभयो, "यदि साना शहरहरूमा चिकित्सा सुविधाहरू उपलब्ध छन् भने यसले ठूला संस्थाहरूमाथिको दबाब कम गर्नेछ। आर्टिफिसियल इन्टेलिजेन्स र रोबोटिक्सको उदाहरण दिँदै उहाँले प्रविधिको प्रयोगले उपचारमा दक्षता र सटीकता बढ्ने बताउनु भने गरिब र असहायको सेवामा काम गर्न चिकित्सा समुदायलाई आग्रह गर्नुभयो।

****** ० ******

**प्रधानमन्त्री-असम यात्रा**

प्रधानमन्त्री नरेन्द्र मोदीले गुवाहाटीमा एडवान्टेज असमको दोस्रो संस्करणमा लगानी तथा पूर्वाधार शिखर सम्मेलनलाई सम्बोधन गर्दै भन्नुभयो असम, दक्षिण पूर्व एशिया, भारतको प्रवेश द्वार र असीमित संभावनहरुको केन्द्र बनेका छन।

कूटनीतिज्ञ, प्रमुख उद्योगपति, विदेशी प्रतिनिधिहरुको विशाल सभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले असम पूर्वी भारतको एक विनिर्माण केन्द्र बन्नेछ भन्नुभयो । उँहाले उद्योगपतिहरुलाई यस रणनीतिक स्थितिको लाभ उठाउने आग्रह गर्नुभयो। प्रधानमन्त्रीले,उँहाको सरकारले सम्पर्क र पूर्वाधार सुधारमा काम गरिरहेको बताउनुभयो। उँहाको सरकारले यस क्षेत्रमा स्थानीय आपूर्ति शृङ्खलालाई सुदृढ पार्न पनि काम गरिरहेको छ। श्री मोदीले भन्नुभयो भारतले कम लागतको विनिर्माण प्रक्रिया हासिल गर्न मिशन मोडमा काम गरिरहेको छ। श्री मोदीले भन्नुभयो केन्द्र सरकारले राज्य सरकारलाई लगातार समर्थन दिरहेको छ। केन्द्र सरकारले हवाई सम्पर्कको नवीकरण बाहेक, साठी थप आधुनिक रेलवे स्टेशनहरूको निर्माणको लागि रेलवे बजेट बढाइएको छ।

दुई दिने शिखर सम्मेलनमा उद्घाटन सत्र, सात मन्त्रीस्तरीय सत्र र 14 विषयगत सत्रहरू शामेल छन्।यस सत्रमा असमका राज्यपाल एलपी आचार्या, विदेश मन्त्री एस जयशंकर, मुख्यमन्त्री हिमन्त बिस्व सरमा, केन्द्रीय पत्तन, पोत परिवहन एंव जलमार्ग मन्त्री सर्बानन्द सोनोवाल लगायत अन्य गणमान्य मन्त्रीहरुको उपस्थिति रहेको थियो।

****** ० ******

**तृणमूल कांग्रेस-बैठक**

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बेनर्जीले २०२६ को विधानसभा चुनावबारे छलफल गर्न २७ फेब्रुअरीमा तृणमूल कङ्ग्रेसको महत्वपूर्ण बैठक बोलाउनु भएको छ। यस बैठकमा पार्टीको चुनावी रणनीति र संगठनमा भएका प्रमुख परिवर्तनको घोषणा गर्नसक्ने बताइएको छ।बैठक कोलकाताको नेताजी इन्डोर स्टेडियममा हुनेछ, जसमा सांसद, विधायक र जिल्ला अध्यक्षहरू सहित पार्टीका सबै ठूला नेताहरू सहभागी हुनेछन्। तृणमूल कङ्ग्रेसस्रोतका अनुसार यो बैठक यसअघि २०२४ मा हुने तय भएको भए पनि कतिपय कारणले स्थगित गरिएको थियो । बैठकअघि मुख्यमन्त्री ममता बनर्जीले आइतबार पार्टीका राष्ट्रिय महासचिव अभिषेक बनर्जीसँग सांगठनिक परिवर्तनका बारेमा विस्तृत छलफल गर्नुभएको थियो।

****** ० ******

**माकपा**

भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) को पश्चिम बङ्गाल इकाईको राज्य सचिवमा मोहम्मद सलिम निर्विरोध निर्वाचित भएका छन। हुगली जिल्लाको डानकुनीमा जारी माकपाको २७ औँ राज्य अधिवेशनमा ८० सदस्यीय राज्य समिति सर्वसम्मत रूपमा गठन गरिएको थियो। समितिमा १४ जना महिला रहेका छन् । यस पटक ११ जना नयाँ अनुहारलाई पनि प्रदेश कमिटीमा समावेश गरिएको छ । सम्मेलनमा राज्यका वर्तमान राजनीतिक चुनौती, जनताले भोग्नुपरेका समस्या, बेरोजगारी र शिक्षा क्षेत्रका बारेमा छलफल भएको बताइएको छ ।

****** ० ******

**जिल्ला अस्पताल**

दार्जिलिंग जिल्ला अस्पतालको बिग्रिएर बसेको एमआरआई मिसिन अविलम्ब मरमति गर्ने मांग गर्दै इण्डियन गोर्खा जनशक्ती फ्रंडले ज्ञापन चढाएका छन् । दार्जीलिङ जिल्ला अस्पतालको एमआरआई मिसिन विगत धेरै महिना अघिदेखि बिग्रिएको हुनाले रोगीहरूको टेस्ट हुन सकी रहेको छैन। यसैलाई केन्दित गर्दै इण्डियन गोर्खा जनशक्ति फ्रण्टको टोलीले आज जिल्ला अस्पतालको प्रशासनसंग भेटेर बिग्रिएर बसेको एमआरआई मिसिन अविलम्ब मरमति गरी दिने अनुरोध गर्दै ज्ञापन पत्र चढाए।

****** ० ******

**निप्पोन**

अन्तत: निप्पोन हाइड्रो प्रोजेक्टका कर्मचारीहरूले न्याय पाउन सफल बनेका छन्। रिम्बिक लोधोमा समष्टिको लोधोमा 2 ग्राम पञ्चायत अन्तर्गत फ्रेंचेटारस्थित निप्पोन हाइड्रो प्रोजेक्टका कर्मचारीहरुको ३०१ दिनको लामो असहयोग आन्दोलनपछि आज भने उनीहरूले राहतको सास फेरेका हुन् । आज प्रोजेक्ट प्रबंधक पक्ष, क्षेत्रीय सभासद अनि पञ्चायत प्रतिनिधिहरू लगायत कर्मचारीहरु अनि क्षेत्रबासिको त्रिपक्षीय सभाबीच कर्मचारीहरुको समस्या समाधान भएको हो। प्रोजेक्ट प्रबंधक पक्षसँग धेरै लामो अनि चुनौतीपूर्ण आधिकारिक लड़ाईपछि यस मुद्दामा सफल भएको थाहा लागेको छ। विशेष प्रोजेक्टका कर्मचारीहरुले लामो समयदेखिको आफ्नो वेतन वृद्धि साथै अन्य समस्याहरू लिएर आन्दोलन गरिरहेका थिए। यस समस्याको समाधान क्षेत्रीय सभासद नोर्देन शेर्पा अनि जि टि ए प्रमुख कार्यपाल अनित थापाको प्रयासमा भएको थाहा लागेको छ । यसका लागि निप्पोनका सम्पूर्ण कर्मचारीहरु सभासद नोर्देन शेर्पा लगायत आन्दोलन अवधि सहयोग पुर्याउने सबैप्रति कृतज्ञ प्रकट गरेका छन भने प्रोजेक्ट आजदेखि खोलिएको भए पनि आगामी 1 मार्चदेखि कर्मचारीहरुले सुचारु रुपले काम गर्ने थाहा लागेको छ।

****** ० ******

**महकुमा-शासक**

खरसाङ महकुमा शासक कार्यालयमा हिजो खरसाङ महकुमा क्षेत्रभित्र पर्ने विभिन्न क्षेत्रहरुलाई लिएर सडक सुरक्षा विषयमा जरुरी सभाको आयोजना गरियो। सभामा खरसाङ महकुमा शासक आईएएस बिन्दाबासिनी तेजा दिपक, सभासद श्याम शेर्पा, खरसाङ नगरपालिका अध्यक्ष ब्रिगेन गुरुङ, खरसाङ महकुमा पुलिस अधिकारी आईपीएस नेहासिंह शाह, डीएफओ खरसाङ आईएफएस देवेश पाण्डे, खरसाङ खण्ड विकास अधिकारी कौशिक चक्रवर्ती, डेपुटी मजिस्ट्रेट कैलास प्रसाद अनि प्रसन्नजित

चक्रवर्त्ती लगायत विभिन्न विभागहरूका अधिकारीहरु उपस्थित रहेका थिए।सभामा विशेष गरी खरसाङ क्षेत्रमा हुने दुर्घटनाबारे विचार विमर्श गरियो। यसका साथै उक्त क्षेत्रमा दुर्घटना रोकथामबारे विभिन्न विभागद्वारा गरिने उपायहरु र कार्यहरुबारे जानकारी गराइएको छ।

****** ० ******

**शिवरात्री**

भोली हुने **महाशिवरात्रि** लाई दिव्य र भव्य बनाउन दार्जिलिङ पहाडको बिभिन्न स्थानहरुमा व्यापक तयारी गरिएको छ भने पहाडभारीका बिभिन्न शिव मन्दीरहरु सजाउने कार्य धमाधन चलिरहेको छ  यसैबीच दार्जिलिङ पहाडको मुख्य आस्थाको केन्द्र महाकाल मन्दीरमा व्यापक तयारी गरिएको छ । अर्कोतिर उत्तर प्रदेशको प्रयागराजमा चलिरहेको ऐतिहासिक महाकुम्भको भोली महाशिवरात्रिको पावन अवसरमा औपचारिक समापन हुने भएको छ ।

****** ० ******

**ब्रह्मा कुमारी**

महाशिवरात्रीको पूर्व सन्ध्यामा मानिसहरूमा आध्यात्मिक चेतना बनाइराख्न प्रजापति ब्रह्मा कुमारी संस्थानको पहलमा कालेबुङ सहरमा शोभा यात्रा निकालिएको छ। प्रजापति योग सेन्टरदेखि उक्त र्याली कार्यक्रम सहर आदि विभिन्न स्थानको भ्रमण गरेर पुन: योग सेन्टरमा गएर समापन गरिएको थियो।

****** ० ******

**मानव उत्थान**

मानव उत्थान सेवा समिति खरसाङ तहसिल र खरसाङ ट्राफिक पुलिसको आयोजनामा आज खरसाङमा नशा उन्मूलन दिवस पालन गर्दै रैलीको आयोजना गरिएको छ। युवाहरुलाई नशामुक्त गर्नलाई अध्यात्मिक ज्ञान पनि आवश्यक छ भन्ने उद्देश्यका साथमा उक्त नशा उन्मूलन दिवस पालन गरिएको हो। रैली खरसाङको रेलवे स्टेशनदेखि शुरु भएको हिल कार्ट रोड हुँदै अस्पताल मोड पुगेर वर्ध्दमान रोड भएर मोटर स्ट्याण्डमा आएर समाप्त भएको थियो।

****** ० ******

भूकम्प

आज बिहान बंगालको खाडीमा ५.१ तिब्रताको भूकम्प गएको छ। राष्ट्रिय भूकम्प मापन केन्द्रका अनुसार बिहान ६:१० बजे भूकम्प गएको थियो। भूकम्पको केन्द्रबिन्दु बंगालको खाडीमा ९१ किलोमिटर गहिराइमा रहेको थियो। भूकम्पका कारण हालसम्म कुनै जनधनको क्षति नभएको थाहा लागेको छ।

****** ० ******

**सुके**

सुके क्षेत्रबाट वाहन सेवासँगै क्षेत्रको पर्यटन व्यावसायलाई बडाउने उदेश्य राखेर कार्य गरिरहेका संस्था लक्जरी कार सोसाईटी ( Luxury Car Society) ले सुकेपोखरी बजारमा सफाई अभियान समपन्न गरेको छ ।सोसाईटीका सदस्यहरूको ५-५ जनाको टोलीसँगै सुके सिमाना ग्राम पन्चायतका भि बी डिसी टोलीले सुके बालासन रोडदेखि सिमाना रोडसम्म अनि बजारको विभिन्न भागमा सरसफाईसँगै डस्टबिन राख्ने कार्य गरिएको छ।

****** ० ******

**बीरपाड़ा**

भुटानको सिमानामा पर्ने अलिपुर जिल्लाको बिरपारा थाना क्षेत्रमा रहेको लंकापारामा आज बिहान भएको भीषण आगलागीमा एक गोदाम जलेर खरानी भएको छ ।यदापी घटनामा कुनै मानवीय क्षति भने भएको छैन । स्थानीय स्रोतका अनुसार लंकापारा बजार क्षेत्रमा रहेको गोदाममा आगलागी भएको हो । गाईवस्तुको दाना गोदाममा भण्डारण गरिएको थियो । घटनाबारे जानकारी पाएपछि वीरपाराबाट आएको दमकल घटनास्थलमा पुगेको र घण्टौंको प्रयासपछि आगो नियन्त्रणमा लिइएको थियो । तथापि, यस समयमा गोदाम पूर्ण रूपमा जलेर खरानी भएको थियो। आगलागी सर्ट सर्किटका कारण भएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

****** ० ******

**310 ग्राम ब्राउन शुगर**

नक्सलबाड़ी थानाको पुलिसले ३१० ग्राम ब्राउन सुगरसहित एक तस्करलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा मालदाको कालियाचकका निवासी विश्वनाथ मण्डल रहेको पुलिसले जनाएको छ । स्रोतका अनुसार आरोपी हिजो राति मालदाको कालियाचकबाट प्रतिबन्धित मादक पदार्थ लिएर नक्सालबारी पुगेका थिए भने त्यसपछि नक्सलबाडी क्षेत्रको बेंगाइजोतमा शंकास्पद अवस्थामा घुमिरहेको बेला पुलिसले पक्राउ गरेको थियो। उनको साथबाट ३सय १० ग्राम ब्राउन सुगर बरामद भएको थियो।

****** ० ******